## ●अस्थायी बिशेष अनुदान रकमको बारेमा

**○बालबच्चा हुर्काइरहनुभएका घरपरिवारहरूको लागि अस्थायी बिशेष अनुदान रकम**

18 बर्ष र सो भन्दा मुनिका बालबालिका भएका घरपरिवार लक्षित गरि, प्रति बच्चा 1 लाख येन प्रदान गरिनेछ ।

**अनुदान रकम** प्रति बच्चा बराबर 1 लाख येनको दरले

**लक्षित बर्ग**

① 2021 सेप्टेम्बर महिनाको लागिको बालभत्ता प्राप्त गर्नको लागि योग्य भएका बालबालिका

② 2021सेप्टेम्बर महिना 30 तारिक भित्र सम्ममा हाईस्कूलमा पढ्ने बच्चा (2003 अप्रिल 2 तारिक～2006 अप्रिल 1 तारिकको बीचमा जन्मिएका बालबालिका) हुर्काउने अभिभावकहरु, जसको आय (आम्दानी) बालभत्ता प्राप्त गर्नको लागिको योग्य वा कम तथा बराबर भएका व्यक्ति)

③ 2022 मार्च 31 तारिक सम्ममा जन्मेका बालभत्ता प्राप्त गर्नको लागि योग्य भएका बालबालिका

※ सिद्धान्तिक रूपमा माथिको अनुसार हुनेछ तर, नगरपालिका, वडाकार्यालय अनुसार फरक फरक पनि हुन सक्दछ।

**प्रक्रिया**

**प्रक्रिया आवश्यक नपर्ने परिवार**

- लक्षित बर्ग ① अन्तर्गतको बालबालिका भएका परिवारलाई बालभत्ता प्राप्त गरिरहनु भएको बैंक खातामा ट्रान्सफर गरिनेछ।
- लक्षित बर्ग ② अन्तर्गतको हाईस्कूलमा पढ्ने बच्चा भएको परिवार भइ, यस बाहेक पनि बालभत्ता प्राप्त गरिएको बालबालिका भएको खण्डमा, बालभत्ता प्राप्त गरिरहनु भएको बैंक खातामा ट्रान्सफर गरिनेछ।

**प्रक्रिया आवश्यक पर्ने परिवार**

- लक्षित बर्ग ② अन्तर्गतको हाईस्कूल पढ्ने बच्चा मात्र भएका परिवार
- ③ 2021 अक्टोबर 1 तारिक～2022 मार्च 31 तारिक सम्ममा जन्मेका बालभत्ता प्राप्त गर्न योग्य बालबालिका
- सम्बन्धित नगरपालिका बाट बालभत्ता प्राप्त गरिरहेका निजामती कर्मचारीहरु आदि

**अनुदान अवधि**

2021 डिसेम्बर महिना भरिको योजना

※ आफ्नो क्षेत्रको नगरपालिका, वडाकार्यालय अनुसार फरक फरक हुनेछ ।

※यस अनुदान रकम बारेको बिस्तृत जानकारीको लागि, आफु बसोबास गर्नुहुने नगरपालिका, वडाकार्यालयमा प्रत्यक्ष सम्पर्क गर्नुहोस ।

※यो बाहेक, निवास कर छुट पाउने घरपरिवार, जीविकोपार्जन सुरक्षा भत्ता प्राप्त गर्ने घरपरिवार, नयाँ कोरोना भाइरसको प्रभावको कारणले घरायसी खर्चमा अचानक परिवर्तन भएका घरपरिवारका लागि, प्रति घरपरिवार 1 लाख येन प्रदान गरिने अस्थायी बिशेष अनुदान रकम पनि छ । बिस्तृत जानकारीको लागि, आफु बसोबास गर्नुहुने नगरपालिका, वडाकार्यालयमा प्रत्यक्ष सम्पर्क गर्नुहोस ।